सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

## खण्डः ५, संख्याः ३, भागः २

सिलीचोङ गाउँपालिका

ताम्कु सङ्खुवासभा।

# सिलीचोङ गाउँपालिका गाउँकार्यपालिको

## अर्थ तथा सार्बजनिक लेखा समितिको कार्य संचालन नियमावली २०७८

स्विकृत मिति २०७८/१०/२४

**प्रस्तावनाः** सलीचोङ गाउँपालिकाको शासन व्यवस्थालाई थप जनमुखी, सेवामुखी, जनउत्तरदायी र पारदर्शी तुल्याई सुशासनको प्रत्याभूती दिलाउने सन्दर्भमा स्थानीय सरकार संचानलन ऐन २०७४ को परिच्छेद ५ दफा २२ मा गाउँ सभाले नियमावली बनाई आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न कुनै सदस्यको संयोजकत्वमा लेखा समिति गठन गर्न सक्ने प्रावधान रहेबमोजिम यस गाउँपालिकाको १० औं गाउँसभाको मिति २०७८/१०/२४ गतेको बैठकको निर्णय बमोजिम लेखा समितिको कार्य संचालन नियमावली बनाउने जिम्मेवारी गाउँ कार्यपालिकालाई प्रदान भए बमोजिम मिति २०७८/१०/२४ को गाउँपालिकाको बैठकबाट स्वीकृत गरी यो नियमावली लागु गरिएको छ।

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

**भाग-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो नियमावलीको नाम **अर्थ तथा सार्बजनिक लेखा समितिको कार्य संचालन नियमावली**, २०७८ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

(१) "गाउँपालिका" भन्नाले सिलिचोङ गाउँपालिका सम्झनु पर्छ ।

(२) "नियमावली" भन्नाले **अर्थ तथा सार्बजनिक लेखा समितिको कार्य संचालन नियमावली**, २०७८ लाई सम्झनु पर्दछ ।

(३) "कार्यालय" भन्नाले सिलिचोङ गाउँ कार्यपालिकाको कार्यालय र ५ वडा कार्यालयहरु समेत सम्झनु पर्दछ ।

(४) "समिति" भन्नाले सिलिचोङ गाउँपालिका गाउँकार्यपालिकाको गाउँ सभाबाट गठित अर्थ तथा सार्बजनिक लेखा समितिलाई जनाउँदछ ।

(५) "प्रमुख" भन्नाले सिलीचोङ गाउँ कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(६) "उपप्रमुख" भन्नाले सिलिचोङ गाउँ कार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(७) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिलीचोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(८) "कार्यपालिका" भन्नाले सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(९) "गाउँसभा" भन्नाले संविधानको धारा २२३ उपधारा १ बमोजिमको सिलीचोङ गाउँपालिका गाउँकार्यपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(१०) "पदाधिकारी" भन्नाले गाउँ कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडाध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्दछ ।

(११) "योजना" भन्नाले आयोजना तथा कार्यक्रम समेतलाई जनाउँदछ ।

(१२) "वडा" भन्नाले सिलिचोङ गाउँपालिकाका ५ वटा वडा सम्झनु पर्दछ ।

(१३) “वडा समिति” भन्नाले नेपालको संविधानको धारा २२३ को उपधारा ४ बमोजिमको वडा समिति सम्झनु पर्दछ ।

(१४) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(१५) “गाउँपालिकाको शाखा, उपशाखा र इकाई” भन्नाले गाउँपालिकाको प्रशासनिक संगठनात्मक स्वरुप अनुरुप स्थापना गरिएका शाखाहरु, उपशाखाहरु र इकाइहरुलाई सम्झनु पर्दछ ।

(१६) “राजश्व” भन्नाले गाउँपालिकाले कानुन बमोजिम संकलन गर्न पाउने कर, दस्तुर, शुल्क, महशुल र सो बापतको जरिवानालाई जनाउँदछ । सो शब्दले जनसहभागीता बापतको रकम सरकारी तथा अन्य निकायको ऋण तथा अनुदान बापत प्राप्त रकम समेतलाई जनाउँछ ।

(१७) “वार्षिक बजेट” भन्नाले गाउँपालिकाको निशर्त, शसर्त, वित्तीय सामानीकरण अनुदान र आन्तरिक आयलाई समेत जनाउँदछ ।

(१८) “वार्षिक बजेट तथा कार्यक्रम” भन्नाले कार्यक्रमका शीर्षकहरु तथा अनुमानित बजेट सहितको विवरणलाई जनाउँदछ ।

(१९) “बेरुजु” भन्नाले कार्यक्रम र बजेट अनुसार कार्य सम्पन्न नभएर फरक पर्न गएको अवस्थालाई बुझाउँदछ ।

(२०) “आर्थिक अनियमितता” भन्नाले आर्थिक नियमानुसार काम सम्पन्न नभएको अवस्थालाई जनाउँछ ।

(२१) “लेखापरीक्षण” भन्नाले कार्यक्रम र बजेट अनुसार कार्य सम्पन्न भए नभएको तथा नियम संगत छ/छैन भनेर गरिने परीक्षण सम्झनु पर्दछ ।

**भाग-२**

**अर्थ तथा सार्वजनिक लेखा समितिको गठन**

**३. अर्थ तथा सार्वजनिक लेखा समितिको गठनः-**

(१) गाउँपालिकाको शासन व्यवस्थालाई थप जनमुखी, सेवामुखी, जनउत्तरदायी र पारदर्शी तुल्याई वित्तीय सुशासन कायम गराउने प्रमुख उद्देश्यका साथ गाउँ सभाबाट देहय बमोजिमको लेखा समिति गठन गरिनेछ-

(क) गाउँसभा सदस्यका रुपमा रहेका कार्यपालिका सदस्यहरु मध्ये १ जना - संयोजक

(ख) गाउँ सभाको सदस्य मध्येबाट २ जना - सदस्य

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

(२) गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाका प्रमुखले लेखा समितिको सचिवमा रुपमा काम गर्ने छन् ।

(३) समितिको वैठकमा समितिका संयोजकले गाउँ कार्यपालिका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत लगायत आवश्यकक्ता अनुसार विषयगत संयोजक र गाउँपालिकाका शाखा प्रमुखलाई आमन्त्रीत गर्न सक्नेछ ।

(४) समितिको पदावधी गठन भएका मितिले ५ वर्षको हुनेछ तर गाउँ सभाले परिवर्तन गर्न आवश्यक नठानेमा समितिले स्वतः निरन्तरता पाउनेछ ।

**भाग-३**

**लेखा समितिको काम, कतर्व्य र अधिकार**

**४. लेखा समितिको काम, कतर्व्य र अधिकार :**

(१) नियम ३ बमोजिम गठन हुने लेखा समितिले देहायका विषयमा अध्ययन गरी कार्यपालिकालाई राय सुझाव र गाउँ सभा समक्ष प्रतिवेदन पेश गर्नेछ ।

**क) कार्यपालिकालाई राय सुझाव दिने विषयहरु :**

१) वार्षिक बजेटले अनुमान गरे बमोजिमको श्रोत परिचालन तथा रकम संकलन लक्ष्य बमोजिम चौमासिक प्रगती भए वा नभएको र नभएको अवस्थामा लक्ष्य प्राप्तीका विषयमा आवश्यक सल्लाह सुझाव ।

२) वार्षिक बजेटमा उल्लेखित कार्यक्रम चौमासिक लक्ष्य बमोजिम संचालन भए नभएको र लक्ष्य पूरा गर्न तत्काल लिनु पर्ने रणनीतिका सम्बन्धमा ।

३) कार्यपालिकाबाट गाउँपालिकाको राजश्व तथा श्रोत परिचालन सम्बन्धमा भए गरेको निर्णयको कार्यन्वयन अवस्थाको विश्लेषण गर्दै सो सम्बन्धमा कुनै सुझाव दिनु पर्ने भएमा सो सम्बन्धमा ।

४) कार्यपालिका कार्यालयमा भए सो कार्यमा वित्तीय सुशासन कायम गराउन आवश्यक सुझाव प्रदान ।

५) पेश्की, बेरुजु लगायतको अवस्था विश्लेषण गर्दै सो को फछ्र्यौटका लागि आवश्यक रणनीतिक सुझाव प्रदान ।

६) गाउँ कार्यपालिकाको कार्यालयबाट भए गरेका आम्दानी र खर्चको विभिन्न विषय मध्ये समितिले आर्थिक अनियमितता भएको गुनासो आएको वा आवश्यक ठानेका वा गाउँ कार्यपालिकाबाट अनुरोध भएका विषयमा भए गरेका गतिविधिको नमूना लेखा परीक्षण गरी कार्यपालिकालाई सुझाव प्रदान गर्ने ।

७) गाउँपालिकाको आन्तरिक लेखा परीक्षणको चौमासिक प्रतिवेदन माथि समिक्षा ।

८) गाउँपालिकाका विभिन्न वडा कार्यालय र शाखाबाट भए गरेका गतिविधिको अध्ययन गर्दै सो सम्बन्धमा वित्तीय सुशासन कायम गराउन आवश्यक सुझाव प्रदान ।

९) वित्तीय सुशासनका विषयमा कार्यपालिकाले सुझाव मागेका विषयमा आवश्यक परामर्श ।

**ख) गाउँसभा समक्ष प्रतिवेदन पेश गर्ने विषयहरु :**

१) गाउँ सभाबाट स्वीकृत वार्षिक बजेटले अनुमान गरे बमोजिमको काम भएको वा नभएको बारेमा लिखित प्रतिवेदन तयार गर्ने ।

२) गाउँ सभाबाट स्वीकृत अनुमानित श्रोत परिचालन तथा रकम संकलन भए वा नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गर्ने ।

ग) गाउँपालिकाले तयार गरेको वार्षिक बजेटमा उल्लेखित कार्यक्रम संचालन भए वा नभएको,

घ) लेखापरीक्षणबाट औंल्याइएका बेरुजु तथा आर्थिक अनियमितताका सम्बन्धमा त्यस्तो बेरुजु र आर्थिक अनियमिततालाई नियमित एवं असुल फछ्र्यौट गर्न आवश्यक काम कार्वाही गरे वा नगरेको विषयमा स्पष्टता ल्याउने ।

ङ) वडा कार्यलयबाट संचालित कार्यक्रमहरुको बारेमा वडा अनुसार श्रोत परिचालन तथा रकम संकलन भए वा नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गर्ने ।

च) समितिले कार्यपालिकालाई दिएका सुझावहरु र सो को कार्यन्वयन अवश्थाका बारेमा ।

३) उपनियम (१) बमोजिमको प्रतिवेदन तयार गर्दा लेखा समितिले आवश्यक्ता अनुसार गाउँपालिका भित्रका उद्यमी, व्यापारी तथा स्थानीय बुद्धिजीबीलाई आवश्यक्ताको आधारमा छलफलमा आमन्त्रण गर्न सक्नेछ ।

४) उपनियम (१) बमोजिम प्रतिवेदन तयार गर्ने क्रममा लेखा समितिले माग गरे बमोजिमको कागजात गाउँपालिकामा रहेका सबै शाखा र उपशाखाहरुले उपलब्ध गराउनु पर्नेछ र आमन्त्रण भएको अवस्थामा लेखा समितिमा उपस्थित भई आफ्नो राय, सल्लाह र सुझाव लिखित रुपमा दिनु सम्बन्धित सबैमा कर्तव्य हुनेछ ।

**५. लेखा समितिको बैठक सम्बन्धी व्यवस्था र सुविधा :**

(१) समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ ।

(२) लेखा समितिको बैठकमा भाग लिए बापत समितिका सदस्य र आमन्त्रित पदाधिकारीले कार्यपालिकाका सदस्यले पाए सरह बैठक भत्ता पाउनेछ ।

(३) लेखा समितिले आफ्नो वार्षिक कार्यतालिका बनाई गाउँ सभाबाट स्वीकृत गराई कार्यन्वयन गराउनु पर्नेछ ।

**भाग-४**

**लेखा समितिका आचार संहिताहरु**

६. लेखा समितिका संयोजक र सदस्यहरुले गर्न हुने र गर्न नहुने सामान्य आचार संहिताहरुः-

(१) स्थानीय सरकार संचालन ऐनको मान्यता सिद्धान्त विपरित सार्वजनिक वक्तव्य दिन नहुने ।

(२) स्थानीय शासन र संविधानको सिद्धान्त तथा नीतिको विपरित हुने गरी स्थानीय तहको स्वायत्ततालाई अनादर गर्ने कुनै काम गर्न नहुने ।

(३) गाउँपालिलका वासीप्रतिको उत्तरदायित्वलाई अस्विकार गर्न नहुने ।

(४) गाउँपालिका र साझेदार संघसंस्थाको कानुन बमोजिमको सम्बन्धमा खल्ल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तव्य वा प्रकाशन गर्नु वा गराउनु हुदैन । तर यस कुराले कुनै जनप्रतिनिधिलाई उल्लेखित विषयमा अनुसन्धानमुलक कुनै लेख, रचना प्रकाशित गर्न रोक लगाएको मानिने छैन ।

(५) गाउँपालिकाको साधन स्रोतको दुरुपयोग गर्न नहुने ।

(६) प्रचलित ऐन नियमले तोकेको जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु पर्ने ।

(७) राजनीतिक आस्था एवं सामाजिक भेदभावले बढावा पाउने व्यवहार गर्न नहुने ।

(८) कार्यजिम्मेवारी प्रदान गर्दा भेदभाव गर्न नहुने ।

(९) कसैको स्वाभिमान र अस्तित्वमा आँच आउने व्यवहार गर्न नहुने ।

(१०) विद्यमान सामाजिक मान्यता विरुद्धका आचरण गर्न नहुने

(११) विद्यमान सामाजिक मान्यता विरुद्धका आचरण गर्न नहुने तथा लैङ्गिक समानतामा आँच आउने व्यवहार गर्न नहुने ।

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

## भाग-५

## विविध

(७) प्रचलित कानुन बमोजिम हुनेः- यस नियमावलीमा उल्लेख भएका प्रावधानहरु यसै नियमावली बमोजिम हुने र यसमा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(८) वाधा अड्काउ फुकाउः यस नियमाली कार्यान्वयनमा कुनै वाधा अड्चन आएमा गाउँसभाको निर्णय बमोजिम हुनेछ ।

(९) संशोधन तथा खारेजीः- यो नियमावलीको संशोधन वा कुनै नियम खारेजी गर्नु परेमा गाउँसभालाई पूर्ण अधिकार हुनेछ ।

**आज्ञाले,**

रामराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय